स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र "डियर काव्या"को औपचारिक घोषणा गरिएको छ। ३० फिट लामो पोस्टर सार्वजनिक गर्दै चलचित्र निर्माणको घोषणा गरिएको हो। चलचित्रमा उपासना सिंह ठकुरी र बिक्की समशेर खड्का मुख्य भूमिकामा देखिनेछन्। बिक्कीको "डियर काव्या" डेब्यु चलचित्र हो। उपासना र बिक्कीलाई रोमान्टिक मुडमा प्रस्तुत गरिएको छ। पोस्टरमा बिक्कीको घाँटीमा रहेको गलबन्दी उपासनाले तान्दै उनलाई नजिक ल्याएको देखिन्छ।

**आजको विचार...**



महिषासुरमर्दिनी ...

(दुई पेजमा)

निर्मल श्रेष्ठ

अभिनेत्री प्रियंका कार्कीले पहिलो पटक निर्माण गरेको फिल्म "मास्टर्नी"ले प्रदर्शन यात्रा सुरु गरेको छ। क्राइम थ्रिलर जनरामा निर्माण भएको फिल्म यस अघि प्रदर्शनमा आएको हो। फिल्मले देशव्यापी ६० भन्दा बढी शो पाएको छ। तर, फिल्मप्रति दर्शकको उत्साह भने देखिएको छैन। बिहानी शोमा फिल्मको देशव्यापी अकुपेन्सी १० प्रतिशत पनि पुग्न सकेन। प्रदर्शनपूर्व "म्याथ सिक्ने भए" गीतका कारण फिल्म विवादमा तानिएको थियो। त्यसबेला सामाजिक सञ्जालमा फिल्म बहिष्कार अभियान समेत चलेको थियो।



❐ वर्ष ३२ ❐ अंक ५० ❐ २०८३ भदौ २० गते शनिबार 5 September 2026, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### यमनमा झडप हुँदा ८१ लडाकू मारिए

**काठमाडौँ,** भदौ १९/ यमनमा हुथी विद्रोही र सरकार समर्थित फौजबीच बिहीबारदेखि जारी झडपमा कम्तीमा ८१ लडाकू मारिएका छन् । सैन्य तथा चिकित्सकीय स्रोतका अनुसार सरकारी फौजतर्फ ३९ र हुथीतर्फ ४२ जनाको मृत्यु भएको छ । लाल सागरको तटीय क्षेत्र र ताइजमा भएको भिडन्तमा हुथीहरूले रकेट, ड्रोन तथा स्थल आक्रमण गरेपछि झडप चर्किएको हो ।

सरकारी स्रोतका अनुसार हुथीहरूले रणनीतिक बन्दरगाह सहर मोखालाई अन्य सरकारी नियन्त्रणका क्षेत्रबाट अलग पार्दै बाब अल-मन्दब जलघाँटी आसपास अघि बढ्ने प्रयास गरिरहेका छन् । एक दशकभन्दा लामो गृहयुद्धमा फसेको यमनमा सन् २०२२ को युद्धविराम कमजोर बनेपछि पुन: सैन्य तनाव बढेको छ । हुथीहरूले राजधानी सानासहित ठूलो भूभाग नियन्त्रणमा राखेका छन् भने अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारलाई साउदी अरब नेतृत्वको गठबन्धनले समर्थन गर्दै आएको छ । *रासस*

# आज ऐतिहासिक भगवती रथ यात्रा निकालिँदै

## विगतमा जस्तो बाजागाजा नहुने

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ १९/ दुई सय वर्षभन्दा लामो इतिहास बोकेको पाल्पाको भगवती रथ यात्रा यसपटक पनि निकालिदै छ । तर विगतका वर्षजस्तो बाजागाजा, भीडभाड र उल्लासका बीच होइन, देश भोटेकोशी बाढीको पीडामा रहेका बेला संयमित र औपचारिक रूपमा निकाल्न लागिएको हो ।

अग्रेंज सेनामाथि नेपाली सेनाले हासिल गरेको विजयको स्मरणमा मनाइँदै आएको विजयोत्सवस्वरूप भगवती रथजात्रा शनिबार पाल्पामा २०७ औँ संस्करणका रुपमा निकालिँदैछ । देश नै शोकको अवस्थामा रहेकाले यस वर्ष जात्रामा अनावश्यक तामझाम नगर्ने निर्णय गरिएको श्री ७ रणउजिरेश्वरी भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष अशोककुमार महर्जनले बताए । उनले भने "भोटेकोशीमा आएको विनाशकारी



*ऐतिहासिक भगवती जात्राको पूर्व सन्ध्यामा चिटिक्क पारिएको श्री ७ रणउजिरेश्वरी भगवती । तस्वीर : सागरमान महर्जन/ एनजेडी*

बाढीले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएपछि देश शोकमा छ । यही अवस्थालाई ध्यानमा राख्दै हामीले विजयोत्सवलाई औपचारिकतामा सीमित गर्ने निर्णय गरेका हौं ।" उनका अनुसार विगतमा जस्तो पञ्चेबाजा, ढिमेबाजा हुँदैन । नेपाली सेनाको बाजा भने प्रयोग हुने अध्यक्ष महर्जनले बताए । आज अपराह्न १२:३० बजे शुभसाइतमा भगवतीको रथ उठाइने उनले एनजेडीलाई जानकारी दिए । नेपाली सेनाले सलामी दिएपछि रथलाई मन्दिरको तीन पटक परिक्रमा गराइनेछ । मन्दिर परिक्रमा पूरा भएपछि पाल्पामा तैनाथ नेपाली सेनाका गणपतिले पूजाआजा गरी बलि दिने परम्परा छ । त्यसपछि नेपाल सरकारका तर्फबाट प्रमुख जिल्ला अधिकारीले पाल्पा दरबार परिसरमा विशेष पूजाआजा तथा बलि दिने प्रचलन छ । यी औपचारिकता पूरा भएपछि रथ सर्वसाधारणको दर्शन र पूजाका लागि नगर परिक्रमा गराइनेछ ।

**(बाँकी अन्तिम पेजमा...)**

# रसुवा बाढी अपडेट : मृतकको संख्या १ हजार २ सय ९३ पुग्यो

**पाल्पा,** भदौ १९/ रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण शुक्रबार दिउँसो सम्म मृत्यु हुनेको संख्या १ हजार २ सय ९३ पुगेको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रसुवामा १ सय ४० जना, नुवाकोटमा १ सय ८६ जना, धादिङमा ६५ जना, चितवनमा ३ सय ५९ जना, गोरखामा ७२ जना, तनहुँमा ३८ जना, नवलपरासी पूर्वमा २ सय २१ जना र नवलपरासी पश्चिम १ सय ९४ जना र भारतमा भेटिएको ( नवलपरासी पश्चिममा बुझाएको) १८ गरी १ हजार २ सय ९३ जनाको शव फेला परेको हो ।

फेला परेका शवहरूको पहिचानका लागि डिएनए नमुना संकलन देखि आवश्यक प्रक्रिया पुरा गरी हाल सम्म २ सय २२ महिला, ३ सय ५५ पुरूष र ४ सय ५३ नखुलेको गरी जम्मा १ हजार ३० वटा शव व्यवस्थापन (माटो मुनि सुरक्षित राखिएको) गरिएको छ । शव पहिचानका लागि मृतकका १ हजार २ सय ६० र आफन्तका ८ सय ४६ गरी कुल २ हजार १ सय ६ वटा डिएनए नमुना संकलन गरिएको छ । साथै पहिचान नभएको १ हजार २ सय ६३ वटा शवहरूको विवरण नेपाल प्रहरीको वेबसाइटमा समेत अपलोड गरिएको छ ।

बाढी प्रभावित क्षेत्रमा उद्दार, खोजी, राहत वितरण, शव व्यवस्थापन लगायतका कार्यका लागि हालसम्म ७ हजार ९ सय १२ जना प्रहरी कर्मचारीहरू परिचालन गरिएको छ । हालसम्म बेपत्ता भएका ४ हजार ८ सय ९८ जनाको खोजी कार्य भइरहेको छ । यसैगरी विभिन्न जिल्लाहरूमा रहेको होल्डिङ सेन्टरमा ३ हजार ६ सय ५५ जना व्यक्तिहरूलाई राखिएको छ । प्रहरीले बाढीको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घर परिवारलाई सुरक्षित स्थानमा राख्ने, विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा आवश्यक उद्दार एवम् खोजी गर्नुका साथै विभिन्न स्थानमा भएको बाटो अवरोध हटाउने कार्य समेत गरिरहेको छ ।

# आज मानव बेचबिखनविरुद्ध राष्ट्रिय दिवस मनाइँदै

**हाम्रा संवाददाता**

**पाल्पा,** भदौ १९/आज मानव बेचबिखनविरुद्ध राष्ट्रिय दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । मानव बेचबिखनविरुद्ध सचेतना फैलाउने, पीडितको संरक्षण गर्ने र अपराधमा संलग्नलाई कानुनी कारबाहीको दायरामा ल्याउन हरेक वर्ष सेप्टेम्बर ५ अर्थात् भदौ २० मा यो दिवस मनाउने गरिएको हो ।



दिवसका अवसरमा देशभर विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरी मानव बेचबिखन नियन्त्रण तथा पीडितको संरक्षणका विषयमा सचेतना फैलाइँदैछ । मानव बेचबिखन गम्भीर अपराधका रूपमा रहे पनि यसको स्वरूप र प्रकृति समयसँगै परिवर्तन हुँदै गएको छ । रोजगारी, वैदेशिक रोजगार, राम्रो शिक्षा तथा आकर्षक अवसरको प्रलोभन देखाएर महिला, बालबालिका तथा आर्थिक रूपमा कमजोर व्यक्तिलाई जोखिममा पार्ने घटना अझै चुनौतीका रूपमा रहेका छन्। पछिल्लो समय सामाजिक सञ्जाल तथा डिजिटल माध्यमबाट समेत झुटा आश्वासन र प्रलोभन देखाउने क्रम बढेकाले थप सतर्कता आवश्यक देखिएको छ । दिवसले मानव बेचबिखन रोकथामका लागि परिवार, समुदाय, स्थानीय तह, सुरक्षा निकाय, नागरिक समाज तथा सञ्चारमाध्यमको भूमिकालाई थप प्रभावकारी बनाउन जोड दिएको छ । जोखिममा रहेका समुदायलाई लक्षित गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै पीडितको उद्धार, संरक्षण, पुन:स्थापना र सामाजिक पुन:एकीकरणमा ध्यान दिनुपर्ने आवश्यकता सरोकारवालाले औँल्याएका छन् । मानव बेचबिखन नियन्त्रणका लागि कानुनको प्रभावकारी कार्यान्वयनसँगै दोषीलाई कडा कारबाही र पीडितलाई न्याय तथा आवश्यक सहयोग उपलब्ध गराउनुपर्नेमा जोड दिइएको छ । साथै, रोजगारी तथा अन्य अवसरका नाममा हुने ठगीबाट जोगिन नागरिक स्वयं पनि सचेत र सजग हुनुपर्ने सरोकारवालाको भनाइ छ । दिवसका अवसरमा आयोजना हुने कार्यक्रममार्फत मानव बेचबिखनको जोखिम, यसबाट बच्ने उपाय, कानुनी व्यवस्था तथा पीडितका अधिकारबारे नागरिकलाई जानकारी गराउने उद्देश्य राखिएको छ । मानव बेचबिखनमुक्त समाज निर्माणका लागि सरकारी प्रयाससँगै समुदायस्तरबाट समेत निरन्तर खबरदारी र सहकार्य आवश्यक रहेको सरोकारवालाले बताएका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## मानव बेचबिखन रोकौँ

मानव बेचबिखन भन्नाले आधारभूत मानव अधिकारको उल्लङ्घन, दासत्वको अवस्था, मानवताविरुद्धको बहुराष्ट्रिय सङ्गठित अपराध हो । यसलाई अशिक्षा, बेरोजगारी, गरिबी, जनचेतनाको कमी, घरेलु हिंसा, पारिवारिक झगडा, लैङ्गिक तथा जातीय विभेद, दण्डहीनतालगायतले मलजल गर्छ । मानव बेचबिखनविरुद्ध सचेतना फैलाउने, पीडितको संरक्षण गर्ने र अपराधमा संलग्नलाई कानुनी कारबाहीको दायरामा ल्याउन हरेक वर्ष सेप्टेम्बर ५ अर्थात् भदौ २० मा मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवस मनाउने गरिन्छ । दिवस मनाउनुको उद्देश्य केवल औपचारिक कार्यक्रम गर्नु नभई समाजमा रहेका जोखिम र त्यसबाट बच्ने उपायबारे नागरिकलाई सचेत बनाउनु हो । तर मानव बेचबिखन डरलाग्दो रूपमा बढ्दो छ ।

विश्वमा नै श्रमको शोषण गर्ने तथा इच्छाविरुद्धको काममा लगाउने गरेका घटना भइरहेका छन् । एक्काइसौँ शताब्दीमा हातहतियारपछि मानव तस्करी नै व्यवसायको रूपमा फस्टाइरहेको देखिन्छ । नेपालमा गरिबी, बेरोजगारी, अशिक्षा, वैदेशिक रोजगारीको आकर्षण, सामाजिक असमानता र कमजोर आर्थिक अवस्थाको फाइदा उठाउँदै विभिन्न बहानामा मानिसलाई बेचबिखन तथा शोषणमा पार्ने घटना हुने गरेका छन् । पछिल्लो समय सामाजिक सञ्जालको प्रयोग गरी चिनजान बढाउने, रोजगारी वा वैदेशिक अवसरको प्रलोभन दिने र अन्ततः शोषणमा पार्ने प्रवृत्तिसमेत चुनौतीका रूपमा देखिएको छ । महिला तथा बालबालिका बढी जोखिममा रहे पनि मानव बेचबिखनको समस्या कुनै एक वर्ग वा समुदायमा मात्र सीमित छैन । मानव बेचबिखन नियन्त्रणका लागि कानुन हुनु मात्र पर्याप्त हुँदैन । प्रभावकारी कार्यान्वयन, सीमावर्ती क्षेत्रमा निगरानी, जोखिममा रहेका समुदायमा सचेतना, सुरक्षित वैदेशिक रोजगारीको व्यवस्था तथा पीडितको उद्धार र पुनःस्थापनालाई प्राथमिकता दिन आवश्यक छ । पीडितलाई दोषीझैँ व्यवहार गर्ने होइन, उनीहरूको सम्मान, सुरक्षा र पुनःस्थापनाको सुनिश्चितता राज्यको दायित्व हो ।यसका लागि तीनै तहका सरकार, सुरक्षा निकाय, स्थानीय समुदाय, विद्यालय, सञ्चारमाध्यम तथा सामाजिक संघसंस्थाबीच प्रभावकारी समन्वय आवश्यक छ । परिवार र समाजले पनि अपरिचित व्यक्तिको आकर्षक प्रस्ताव, अनलाइन सम्पर्क तथा वैदेशिक रोजगारीका नाममा हुने शंकास्पद गतिविधिप्रति सजग हुनुपर्छ । शंकास्पद गतिविधि देखिएमा सम्बन्धित निकायलाई जानकारी गराउनु नागरिकको महत्वपूर्ण जिम्मेवारी हो । मानव बेचबिखनविरुद्धको अभियान कुनै एक दिनको कार्यक्रमले सफल हुँदैन । यसका लागि निरन्तर सचेतना, प्रभावकारी कानुनी कार्यान्वयन र सामाजिक प्रतिबद्धता आवश्यक छ । मानिसलाई वस्तुका रूपमा हेर्ने र बेच्ने अपराधविरुद्ध राज्य कठोर बन्नैपर्छ । साथै, पीडितलाई न्याय र सम्मानपूर्वक पुनःस्थापित गर्ने वातावरण निर्माण गर्नुपर्छ । मानव बेचबिखनमुक्त समाज निर्माण गर्नु सरकारको मात्र होइन, हामी सबैको साझा जिम्मेवारी हो । त्यसैले यस दिवसलाई औपचारिकतामा सीमित नराखी 'मानव बेचबिखन रोकौँ, मानवताको रक्षा गरौँ' भन्ने संकल्पका साथ अघि बढौँ ।

### Opinion @ Social Network

चाहना त धेरै कुराको थियो नि,
तर अब मनलाई शान्ति मिलोस् त्यही नै काफी छ...!!
*(समिर परियारको फेसबुक स्टाटसबाट www.facebook.com/Samir.Pariyar)*


यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सन्दर्भ : भगवती जात्रा

## महिषासुरमर्दिनी श्री ७ रणउजीरेश्वरी भगवती मन्दिरमा रहेको 'दिव्यघण्ट'



निर्मल श्रेष्ठ

मन्दिरै-मन्दिरको भूमि, देवभूमि पाल्पा, हिन्दु र बौद्धधर्मका अनगिन्ती मठ-मन्दिर, चैत्य, विहारहरु रहेका छन् । पश्चिम वल्ड्याङगढी, रुरु क्षेत्रदेखि पूर्व रामपुर, वाकामलाङ, सहलकोट साथै नेपाले टोलसम्मका मठ-मन्दिरहरुमा निशान्तमा बज्ने सङ्ख घण्टको नादले पाल्पा विउझिने गर्छ भने सह्रसरश्मी अस्ताचल लागेपछि मठ-मन्दिरहरुमा बज्ने शङ्ख घण्टको नादसँगै पाल्पा निन्द्रादेवीको काखमा जाने गर्छ । नेपाली समाजमा धार्मिक मनहरु मनमा घण्टको ठूलो महिमा रहेको छ । देवी देवताका मठ-मन्दिर होस् वा घरको पूजाकोठामा किन नहोस् घण्ट बज्ने गर्छ । देवालय परिसरमा श्रद्धालु भक्तजनहरुले घण्टहरु चढाएका हुन्छन् । ती घण्टहरु आफ्नो औकातअनुसार विभिन्न आकारका हुने गर्दछन् । कसैले आफूले भाकेको भाकल पूरा भएपछि घण्ट चढाउँछन् भने कसैले धार्मिक भावनाले ओतप्रोत भएर घण्ट चढाउने गर्दछन् । जे भएता पनि घण्ट चढाउने कार्य धार्मिक भावनाले उत्प्रेरित भएर नै चढाउने गरिन्छ । ठूला घण्टहरु मन्दिरको परिसरमा प्रस्तरका ठूला-ठूला खम्बा माथि कलात्मक काष्ठमा धरानमा सजाएर झुण्डाइएका हुन्छन् भने मन्दिरका चारै कुनामा वा छाना मुन्तिर चारैतिर झुण्ड्याइएका हुन्छन् । मन्दिरको गर्भगृहमा रहेको मूर्तिको दायाँ-बायाँ पनि स-साना घण्टीहरु झुण्ड्याउने प्रचलन रहेको छ । साधारणतया घण्ट चार प्रकारका हुन्छन् । पूजा-आजामा प्रयोग गरिने घण्ट, मन्दिर परिसरमा राखिने ठूला घण्ट, स-साना घण्टीहरुको समूह जसमा पाँचभन्दा बढीको संख्याको हुने गर्छ र हावाको झोक्काले बज्ने स-सना हलुका घण्टीहरु मन्दिरको तला तलामा सजाइएका हुन्छन् । नेपालमा देवालय तथा घर-घरमा गुञ्जने घण्ट हिन्दु तथा बौद्धधर्मद्वारा प्रभावित संस्कृतिको रुपमा लिने गरिन्छ (दर्नाल, २०६१ :१५७, १५८) । हिन्दु धर्म अनुसार घण्टले अग्नि तत्वको प्रतिनिधित्व गर्छ भन्ने मान्यता रहेको भने केही घण्टहरुले घण्ट धारण गर्ने व्यक्तिलाई दुष्ट शक्तिबाट जोगाउँछ भन्ने जनविश्वास रहेको छ ( Kadel,2007:141) । बौद्ध दर्शन अनुसार घण्टले प्रज्ञादेवीलाई प्रतिनिधित्व गर्दछ (Oldfield, 1974:200) । यसरी नै बौद्ध दर्शन अनुसार घण्टलाई निराकार एवम् घण्टलाई शून्यस्वरुप प्रज्ञापारमिता (स्त्री) भन्ने मान्यता रहेको छ ( दर्नाल,२०६१:१५७) ।

### घण्टका प्रकारहरु

विभिन्न जाति, धर्म, सम्प्रदायहरुमा घण्टको महिमा ठूलो छ । घण्टको लक्षणले घण्टको प्रकार धेरै हुनु स्वभाविक हो । देवी देवताको मन्दिरहरुमा मात्र होइन, विभिन्न सम्प्रदाय तथा जात जातिको घरमा साथै जनावरहरुलाई पनि घण्ट लगाई दिन प्रचलन रहेको छ । विभिन्न जात जाति, सम्प्रदायहरुले थरि थरि उद्देश्य र आस्था अनुसार घण्ट बजाउने र चढाउने हुनाले घण्टको प्रकार विस्तृत रहेको छ ।

**ज्वाय गं**

यो घण्ट खास गरेर गणेश मन्दिरको प्रवेशद्वारमा साङ्ग्लामा विजोर संख्या ( पाँच वा सात संख्या) मा उनिएको हुन्छ । धातुबाट बनेको यी घण्टहरु ७.५ से.मी दूरि कायम गरी साङ्ग्लामा उनिएको हुन्छ । खास गरेर गणेश मन्दिर प्रवेश गर्नु अगावै दाहिने हातले सबै घण्टहरुलाई बजाई भित्र पस्ने, पूजा गर्ने वा ढोग गर्ने चलन छ ।

**फ्यु् गँ (हवाबाट आफै बज्ने घण्ट)**

सारेगमको सुर अनुसार यस घण्ट बनाइएको हुन्छ । हवाको वेगसँगै घण्टबाट विभिन्न सुर निस्किने गर्छ । अहिलेको Door Music को पुर्खा फ्यगँ हो । मठ-मन्दिर र पाटि पौवाहरुमा यसको प्रयोग गरेको पाइन्छ । हाल यसको प्रयोग घरको झ्यालढोकामा सजावटको रुपमा लिन थालिएको छ ।

**खिँचा खों गं (यो घण्ट बजाउँदा कुकुर रुने गर्दछ)**

यो घण्ट भक्तपुरमा रोगव्याधि दुर्भिक्ष नास गर्नको लागि तान्त्रिक विधि अनुसार निर्माण गरी बछला माईको मन्दिरमा स्थापना गरिएको ऐतिहासिक कथन छ । यो घण्ट बजाउँदा स्याल र कुकुर दुबै रुन्छ भन्ने जनविश्वास रहेको छ । तर आजकाल कुकुर मात्र रुने गर्छ भनिन्छ ।

अङ्गले मंगले गँ (भित्तामा रहेको घण्ट) काठमाडौं खाल्डोमा अनावृष्टि हुँदा इन्द्रको आराधना गरी यो घण्ट बजाएमा पानी पर्छ भन्ने जनविश्वासका साथ यो घण्ट बजाउने गरिन्छ । यो घण्ट मल्लराजाको दरवार (मणिगल) मंगल बजारको भित्तामा राखिएको छ (महर्जन,२०७६ :१४९,१५०) ।

**वैष्णव घण्ट**

'वैष्णव घण्ट'लाई वैष्णव समुदायले बडो महत्वका साथ लिने गर्दछन् । तर यसको प्रयोग घरमा पूजा गर्दा र हिन्दु समाजमा पनि बजाउने गरिन्छ । आकारमा १८ से.मी.लामो यस घण्टको शिरमा शेषनाग जडिएको हुन्छ । भगवान विष्णुको पूजा गर्दा बजाइने यो घण्ट पञ्चधातु वा अष्टधातु मिसाएर बनाइएको हुन्छ ।

**वयल घण्ट**

'वयल घण्ट' काठबाट बनाइएको हुन्छ । यो घण्ट पश्चिम नेपालको आदिवासी थारु जातिले तराईतिर खेत जोट्ने गोरुलाई लगाई दिने गर्दछन् । लगभग १५ से.मी.अग्लो, २० से.मी. चौडा बनावट भएको यस घण्ट खामारी काठबाट बनाइएको हुन्छ । यस घण्ट चकोर आकारको हुने गर्छ भने यस घण्टमा दुईदेखि चारवटासम्म रालो झुण्ड्याइएको हुन्छ ( Kadel,2007:144) । गोरुलाई गलामा घन्टी लगाई दिंदा घन्टीबाट ध्वनित हुने मधुर ध्वनिले गोरुलाई आनन्द दिनुका साथै लामो समयसम्म काम गर्ने क्षमता पैदा गर्दछ भन्ने प्राचीन कृषक र कृषिविज्ञहरुको ठम्याई छ ( 'Vir',1983: 3) ।

**बोके घण्ट**

नेपालमा देवी देवताहरुलाई भाकल गर्दा बोका, भेडा परेवा साथै अन्य जनावरहरुको पनि वली दिने प्रचलन रहेको छ । भाकल पुरा भएपछि भाकल अनुसार बोका वली दिने गर्दछन् । वली दिनको लागि मन्दिरमा लगिने बोकालाई 'बोके घण्ट' लगाई दिने गरिन्छ । करिब ७.५ से.मी. लामो यस घण्ट काँस धातुबाट बनाइएको हुन्छ । साथै घण्टमा तामाको पातो राखिएको हुन्छ, त्यसमा आफ्नो भाकलको सन्दर्भ उत्कीर्ण गरिएको हुन्छ । यसरी 'बोके घण्ट' लगाएर बोका वली दिन जाँदा आफूले जानी नजानी गरिएको पापबाट मूक्ति हुन्छ भन्ने धार्मिक मान्यता रहेको छ ।

**चौरी घण्ट**

नेपालको हिमाली क्षेत्रमा चौरी गाईको घाटीमा चौरी-घण्ट लगाई दिने गरिन्छ । यसले चौरी गाईलाई वायु, मसान र दुषिद आत्माबाट जोगाउँछ भन्ने मान्यता रहेको छ ।तान्त्रिक लामाहरुबाट घण्टमा शक्ति प्रक्षेपन गरिएको सो घण्ट १३ से.मी.लामो र ७.५ से.मी.चौडा हुन्छ । यस घण्टको शिरमा वज्र जडित हुन्छ ।

**देउराली घण्ट**

देवी देउराली माईको नामबाट 'देउराली घण्ट'को नामाकरण भएको मान्यता छ । पाँच, सात, नौ वा एधारवटा विजोडा घण्टी लहरै उनिएको हुन्छ । फलामबाट बनेको यस घण्टमालामा रहेको घण्टको बनोट ७.५ स्.मि.लामो र ५ से.मि.चौडाको हुन्छ । यस घण्टको समुहलाई देवीको स्मरण र रक्षाको प्रार्थना गर्दै घण्टी बजाउने गरिन्छ ।

**दिल्बु**

आजभोलि 'दिल्बु' साधारण तया पित्तल धातुबाट बनाइन्छ । तर विगतमा यो घण्ट पञ्चधातु वा अष्टधातुबाट बनाइन्थ्यो । यसलाई तामाङ जातिका लामाहरुले बजाउने गर्दछन् । यसको दण्डीको माथिल्लो भागमा वज जडिएको हुन्छ । वज्रले पुरुषको प्रतिनिधित्व गर्दछ भने घण्टीको आकारलाई नारी रुप मानिन्छ । 'दिल्बु', १८से.मी. लामो र १० से..मी व्यास भएको हुन्छ । यसमा विभिन्न बौद्ध डिजाइनका बुट्टाहरु कलात्मक रुपमा कुँदिएका हुन्छन् ।

**गलाम्वे**

'गलाम्वे' एउटा फलामे घण्ट हो । यो घण्ट १० से.मी. लामो र ५ से.मी.व्यासको हुन्छ । यसको सुरुवात सुनुवार आदिवासी जनजातिसमूहबाट भएको थियो । यस घण्टलाई शिकारी कुकुरको घाँटीमा झुन्ड्याउने गरिन्छ । यस घण्टमा फलामका तिखा किल्ला भएको पट्टा पनि गाँसिएको हुन्छ । त्यस कुकुरलाई सामान्यतया मृग शिकारका लागि तालिम दिइन्छ । शिकार मारेपछि कुकुरले प्रत्येक शिकारी सरह नै मासुको बराबर हिस्सा पाउँछ ।

**गरुड् घण्ट**

'गरुड घण्ट'को प्रयोग हिन्दु वैष्णव समप्रदायले आफ्ना देवी देवताहरुको पूजा-आजा गर्दा प्रयोग गर्ने गर्दछन् । यसको प्रचलन लिच्छवीकालदेखि चलिआएको थियो । पितल धातुबाट बनेको यस घण्टी २० से.मी. लामो र ७.५ से.मी. व्यासको भएको हुन्छ । घण्टीको दण्डीको शिरोभागमा गरुडको आकृति राखिएको हुन्छ । विष्णुको वाहन गरुड भएको हुनाले यस घण्टी बजाउँदा विष्णु भगवान खुसि हुन्छ भन्ने धार्मिक मान्यता रहेको छ ।

**गौ घण्ट**

ब्राह्मण जातिले पालेका गाईका बथानहरुमध्ये मुख्य गाईको घाटीमा 'गौ घण्ट' झुण्ड्याउने गरिन्छ । नेपाली समाजमा हिन्दुहरुले गाईलाई देवी लक्ष्मीको अवतारको रुपमा लिने गर्दछन् । त्यसैले यी घण्टीहरुको ध्वनीलाई श्रीवृद्धिको प्रतीकको रुपमा लिने गरिन्छ । अन्य गाई, साँढे वा बाच्छाहरुलाई एउटा मात्र घण्टी लगाई दिने गरिन्छ भने मुख्य गाईलाई तीनवटा घण्टीहरु लगाई दिने गरिन्छ । फलामबाट बनेका यी घण्टीहरु १० से.मी. लामो र ६ से.मी. व्यास भएको हुन्छ ।

**घान्डो**

यो हिउँद याममा शिकार गर्ने शिकारीहरुले प्रयोग गर्ने एक प्रकारको पुरानो फलामको घण्टी हो । यसको बनावट ७.५ से.मि. लामो र ५ से.मि व्यासको हुन्छ । मकवानपुरका सुनुवार समुदायले यसलालाई आफ्नो कुल देवताको रुपमा पूजा गर्ददछन् । वार्षिक पूजामा पुरोहितले मन्त्र पढ्दा कुल देवता व्यक्तिको शरीरमा प्रवेश गर्छ भन्ने परम्रा रहेको छ । यस वेला शरीर काँपेको व्यक्तिले घण्टीबजाउँदै गाउँलेहरुको भविष्यको जोखना बताउने गर्छ ।

**घान्ट**

यो 'घान्ट', कर्णाली क्षेत्रको जुम्ला जिल्लामा प्रचलन छ । श्री ७ भगवती कनकसुन्दरी माईको पूजाआजामा यो घण्ट बजाउने गरिन्छ । यसको बनावट ३० से.मी. लामो र १३ से.मी. चौडा हुन्छ ।भक्तजनहरुले आफ्नो मनोकामना पूरा भएमा देवीलाई घण्टी चढाउँछु भनी भाकल गरेका हुन्छन् ।

**घडी घण्ट**

'घडी घण्ट' १ से.मी. बाकुलो पितलको गोलो आकारमा बनेको हुन्छ । यसको गोलाकार २० से.मी. व्यासमा बनेको हुन्छ । काठमाडौंको इन्द्रजात्रामा पुलु किसी नाचको अगाडि यो 'घढी घण्ट' बजाउने गरिन्छ । 'घडी घण्ट' मातृका नाचमा पनि बजाउने गरिन्छ । यो 'घडी घण्ट'ले नेवार समुदायसँग सम्बन्ध राख्दछ । -*(बाँकी तेस्रो पृष्ठमा...)*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :महत्वपूर्ण काम टुंग्याउने अवसर मिल्नेछ।साथीभाइसँग रमाइलोहुनेछ । | **तुला**: रोकिएको कुराकानी फेरि सुरु हुन सक्छ । किनमेल गर्दा ध्यान दिनुहोला । |
| **वृष** : सेवाग्राहीसँगको व्यवहारले फाइदा दिनेछ । मन गर्ने उत्साह बढ्नेछ । | **वृश्चिक** : जिम्मेवारी थपिने छ । घरबाट टाढा रहेका व्यक्तिसँग सम्पर्क हुन सक्छ। |
| **मिथुन** : पुरानो कागज उपयोगी बन्नेछ । नयाँ व्यक्तिसँग परिचय बढ्न सक्छ । | **धनु** :अनावश्यक बहसमा समय खर्च हुने छ।खानामा फलफूल थप्नु राम्रो हुन्छ । |
| **कर्कट** : दिउँसोको समय आूना लागि छुट्याउनु राम्रो हुन्छ । पानी पर्याप्त पिउनुहोस्। | **मकर** : रमाइलो खबर सुन्न पाइनेछ । पुरानो सामान व्यवस्थित गर्ने इच्छा जाग्नेछ। |
| **सिंह** : तपाईंको सुझाव उपयोगी हुनेछ । साँझ अचानक भेटघाट हुने छ । | **कुम्भ**: समय पर्खनु फाइदाजनक हुनेछ । व्यावसायिक क्षेत्रमा सम्भावना छ। |
| **कन्या** : नयाँ ठाउँमा पुग्ने मौका मिल्नेछ । स्पष्ट हिसाब राख्दा सजिलो हुनेछ। | **मीन** :आर्थिक सुधारको संकेत देखिन्छ । घरको वातावरणमा हाँसो र रमाइलो बढ्नेछ । |

# साहित्य दर्पण

कथा — पुष्कर अथक रेग्मी

## भीडमा एउटा अनुहार

**डा. टीकाराम उदासी**

यो बाटोमा नियमितजसो हिँड्ने भएपछि धेरै अनुहारहरू परिचितजस्ता लाग्न थालेका छन् । यो बाटो अर्थात् घोराही( तुल्सीपुर सडक । परिचितजस्ता लाग्ने अनुहारहरूको भीडमा एउटा मुस्लिम अनुहार पनि थपिएको छ । यो बाटोमा ऊ कहिलेदेखि हिँड्न थालेको हो भन्ने त मलाई जानकारी छैन तर ऊ यो बाटोमा हिजोआज नियमितजस्तै हिँड्छ भन्ने चाहिँ मलाई थाहा छ । मैले यसो भन्नुको कारण के हो भने ऊ कहिले सर्राचोकमा गाडी चढिरहेको भेटिन्छ त कहिले सेवार खोला किनारमा उभिएको । ऊ कहिले सौडीकुलामा गाडी पर्खिरहेको देखिन्छ त कहिले नारायणपुर बजारमा । ऊ कहिले खैराचोकमा गाडीलाई हात दिइरहेको हुन्छ अनि कहिले मज्गौँ चोकमा । ऊ कहिले दूधरस चोकमा बसिरहेको देखिन्छ अनि कहिले बेलझुन्डीको छेउछाउ । यसै गरी ऊ कहिले हेमन्तपुर चोकमा कसैसँग गफ गरिरहेको देखिन्छ त कहिले बिजौरी बजारमा भेटिन्छ । प्राय: उसका साथमा दुईचार खसीबोकाहरू हुन्छन् भने कहिलेकाहीँ भने ऊ एक्लै पनि देखिन्छ । उसका ठाउँठाउँका विभिन्न उपस्थितिबाट मेरो मोटामोटी अनुमान( सायद ऊ खसीबोका व्यापारी हो । जो गाउँ पुगेर खसीबोका खरिद गर्छ, बजार लगेर बिक्री गर्छ अनि दुईचार पैसा कमाउँछ ।एक हप्ताअघि तुल्सीपुर गइरहेको बेला देखेँ, ऊ पनि अघिल्लो सिटमा बसेको छ । हल्का कालो वर्ण, घुमेको तर फुलिसकेको छोटो कपाल, चिउँडोमा लामालामा फुलेको दाह्री, काँधमा एउटा पातलो गम्छा, सात दशक नाघेको जस्तो देखिने मोटो बूढो शरीरमा एउटा मैलो भोटो र उस्तै खैरो रङ्को मैलोमैलो बुट्टेदार लुङ्गी । बाहिरदेखि सरसर्ती हेर्दा देखिने उसको रुपाकृति । यो बाटोमा दुईचारपटक देखिसकेपछि उसले मेरो ध्यान खिच्ने गरेको छ । आज भने संयोगले जुन सिटमा म बसेको छु, ऊ पनि त्यही सिटमा मसँगै टाँसिएर बसेको छ । एकप्रकारले म भित्रभित्रै त्यत्तिकै रोमाञ्चित छु ।'दाइ कहाँसम्म जाने हो ?' कुरा सुरु गर्छु । खासमा कुरा गर्ने एउटा बहाना मात्रै थियो । यथार्थमा म आज धेरै दिनदेखि उसका बारेमा मनभित्र कतै थन्किएको अस्पष्ट जिज्ञासा शान्त पार्ने विचारमा छु ।'बेलझुन्डीसम्म' ( उसले जवाफ दिन्छ । र, गोजीबाट सुर्ती निकालेर माड्न थाल्छ । सुर्ती माडेर मुखमा हालेपछि उसले मलाई सोध्छ ('हजुर कहाँसम्म जाने हो नि ?' म पनि बेलझुन्डीसम्मै हो । तर मेरो जवाफमा उसको कुनै रुचि देखिँदैन । मैले नै कुरा बढाउँछु ( 'बेलझुन्डी किन जान लागेको नि ?' ऊ भन्छ ( 'उही त हो, खसीबोका खोज्ने ।' ऊ खसीबोकाको खुद्रा व्यापारी हो भन्ने मैले अनुमान गरेको आज होइन, धेरै दिन भइसक्यो । अझ भनौँ जुन दिनदेखि मैले उसलाई देखेँ, त्यही दिनदेखि मैले यस्तो अनुमान गरेको हुँ । मैले उसलाई सोध्छु फेरि ( 'फाइदा कत्तिको हुन्छ दाइ ? यसले जीवन राम्रै चलेको छ नि ?''आफ्नो आफ्नो पेसा त हो । पहिलेजस्तो त छैन । पहिले अलि फाइदा पनि हुन्थ्यो, अहिले त दुईचार सय फाइदा हुने हो, कहिले घाटा पनि भइजान्छ । लिएर आफैँ काट्ने हो । यस्तै छ' -उनको जवाफ अलि लामै छ यसपालि । लिएर आफैँ काट्ने हो भन्ने उनको जवाफले चाहिँ मलाई अलि बढी तान्छ । म सोध्छु ( 'के तपाईं आफैँले काट्ने हो र ? मैले त खरिद गरेर बेच्ने मात्रै हो कि भनेको थिएँ ।''पहिलेपहिले त गाउँलेहरू आफैँ बजारसम्मै पुऱ्याउँथे तर हिजोआज सब गाउँलेहरू विदेश गइजान्छन् । कसले पुऱ्याइदिने । आफैँ खोज्न आउनुपर्छ' ( उसले भन्छ ।'तपाईंहरूले घरमा बोल्ने भाषा कुन हो ? उर्दू हो कि ?' ( मैले त्यत्तिकै बिचैमा सोध्छु उनलाई । जवाफ यस्तो आउँछ ''घरमा उर्दू अनि यताउता हिँड्दा नेपाली ।' मातृभाषा उर्दू भए पनि नेपाली शुद्ध बोलेको सुनेर म प्रभावित हुन्छु । र, मेरो मनमा उसप्रति थप जिज्ञासा उत्पन्न हुन्छ ।
'तपाईं घोराहीमा बसेको कति वर्ष जति भयो ?' ( मेरो जिज्ञासा ।
'भयो हजुर, पचास वर्षभन्दा बढी नै' ( उसको सहज जवाफ ।
'त्यत्तिअघि आउनुभएको रहेछ है' ( मेरो जिज्ञासा झन् झन् तीव्र भएको छ उसप्रति । उसले बेलीविस्तार लगाउँछ ( 'हो नि । यहाँ पहिले मेरो बुवा आउनुभएको । घोराहीमा गुदरी बजार छ नि ? हो, त्यसमा खिचरीमिचरी बेच्ने । पछि बुवाले मामालाई यहाँ लिएर आउनुभयो । मामाले फेरि मलाई यहाँ लिएर आउनुभयो । मामाले यहाँ आएर खसीबोका काट्ने पसल चलाउनुभयो । म उहाँसँगै काम गर्न थालेँ । पछि उहाँको मृत्यु भएपछि पसल मैले चलाएँ । अझै चलाइराख्या छु भन्नुपऱ्यो ।'उसले एकपटक गुडिरहेको बसको झ्यालबाट बाहिर आँखा यॉंक्यो र पुन: बोल्यो ( 'म सर्वप्रथम २०३२ सालमा लखनउदेखि मामासँग यहाँ आएको हुँ । त्यतिबेला घोराहीमा निकै थोरै पसल र घरहरू थिए । घोराहीदेखि तुल्सीपुरसम्म त झन् निकै कम घर थिए । पहिलेपहिले हामी हिँडेरै घोराहीदेखि तुल्सीपुर पुग्थ्यौँ । गाडी चल्दैनथे । अहिले यस्तो भइसक्यो ।''कति जनाको परिवार छ नि ?' - मैले प्रसंग बदल्ने कोसिस गरेँ ।'छोराछोरी सबैको सादी भइसक्यो । सबै आआफ्ना काममा छन् । हाम्रा त छोराछोरी धेरै हुन्छन् भन्ने हजुरलाई थाहै छ । पाँचै जना छोराहरूले सानो सानो दुकान राखेका छन् । पेट पाल्ने त हो । चारओटी छोरी सबैको सादी भइसकेको छ । सबै आफ्ना -आफ्ना घर छन् । दुईटीको त इन्डिया घर छ । सँगै बस्ने त हामी बूढाबूढी मात्रै । बूढिया पनि अलि बिरामी छ । बूढेसकाल त हो, के के हुन्छ के के' (उसले एकै सासमा भनिसकेर लामो सास फेर्छ । म उसलाई हेर्छु (बूढो शरीर छ । सोच्छु उसले यो काम कहिलेसम्म गर्न सक्ला ? यो काम छाडेपछि उसको स्थिति के कस्तो होला ? यस्तै यस्तै । सोध्छु -'दाइको उमेर कति हो नि ?'
'सहत्तर नाघिसकेँ नि । जवानीमा यहाँ आएको थिएँ, अहिले बूढो भइसकेँ' ( मलाई हेर्दै भन्छ ऊ ( 'मेरो सारा जीवन यतै बितिगयो ।'बसमा यात्रीहरू चढ्ने र झर्ने क्रम यथावत् चलिरहेको छ । हामीलाई त्यसको कुनै वास्ता छैन । मैले बेप्रसंग जस्तो फ्याट्ट सोध्छु उसलाई ( 'तपाईं कुन मुसलमान हो ? सियावाला हो कि सुन्नी ?' 'सुन्नी हो' -भन्छ ऊ - 'घोराहीमा त धेरै सुन्नी नै छन् । सिया अलि कम छन् ।' 'सिया र सुन्नीमा के अन्तर छ ?' ( मेरो जिज्ञासा रोकिँदैन ।'अलि फरक छ । हुन त दुवैले नमाज पढ्ने हो । आफ्नो आफ्नो शैली र तरिका त हो । सबैलाई आफ्नै राम्रो लाग्छ' -उनी त्यति जाँगर नलगाईकन भन्छन् । मलाई लाग्छ, उनी यसबारेमा कुरा लम्बाउने मनस्थितिमा छैनन् ।म फेरि प्रसंग बदल्छु ( 'हजुरहरूको सबैभन्दा पवित्र ठाउँ त मक्का र मदिना हो नि । हैन र ? त्यहाँ पनि पुग्नुभएको छ कि ?'मक्का र मदिनाको नाम सुन्नासाथ उनी पुन: उत्साहित हुन्छन् ( 'म सन् २००९ मा त्यहाँ गएको थिएँ, मेरी बूढी पनि गएकी थिई ।'मैले सोध्छु ( 'त्यस वर्ष नेपालबाट कतिजना जानुभएको थियो ? काठमाडौँको जामे मस्जिदबाट पनि जान्छन् नि, हैन ?'उनले खिन्न भएर जवाफ दिन्छन् ( 'कहाँ नेपालबाट जानु नि । भारतबाट गएको । यहाँबाट जानका लागि त नागरिकता हुनुपऱ्यो नि । हाम्रो नेपाली नागरिकता कहाँ छ र ?'
'ए, त्यसो भए हजुरको नेपाली नागरिकता रहेनछ है' (म बोल्छु । मेरो भनाइलाई उनले कुनै वास्ता गर्दैनन् । उनले भन्दै जान्छन् ('खर्च पनि त धेरै हुन्छ नि त्यहाँ जान । बूढी र मेरो लागेर चारपाँच लाख जति भारु खर्च भयो । कति त ऋण पनि लिएको हुँ मैले । अहिले त एकैजनाको त्यत्ति खर्च होला । सबै जान कहाँ सक्छन् र '-उनले अगाडि भन्छन् ( 'यहाँदेखि लखनऊसम्म गाडीमा गइयो । घोराहीबाट लखनऊ जाँदा घोराही ट्राफिक चोक छ नि । हो, त्यहाँसम्म धेरै मानिस हामीलाई पुऱ्याउन गएका थिए । उता लखनऊमा त झन् हामीलाई एयरपोर्टसम्म तीन गाडीले पुऱ्याएका थिए । एयरपोर्टमा भित्र पसेपछि भने हामी एक्लै । त्यहाँबाट जाने अरू पनि साथीहरू थिए । घर छाडेर एक महिना बढी बाहिर जाने भएपछि मैले त के के सोँचे के के । एयरपोर्टमा अचानक बेहोस भएर ढलेछु । आधा घण्टापछि बल्ल होस खुल्यो । म होसमा आएपछि बल्ल अरूको होस ठेगानमा आयो, नत्र सबै आत्तिएका ।'मक्का र मदिना एकै ठाउँ हो कि ?' ( मेरो जिज्ञासा अझै सकिएको छैन ।'कहाँ एकै ठाउँ हुने नि । एक ठाउँबाट अर्को ठाउँ जान गाडीमा चारपाँच घण्टा लाग्ने' ( उनले मजगैँदेखि माथि उत्तरतिर देखिएको अग्लो महाभारत पर्वत शृङ्खला चोर औँलाले सिकाउँदै भन्छन् ( 'ऊ त्यो पहाडजस्तै अग्लो पहाड । सबैतिर ऊँट र भेडाहरू मात्रै । खसीभन्दा ऊँटको मासु खुब पाइने । मैले त साउदीमा छँदासम्म कुखुरा र ऊँटको मासु खाइनँ, खसीको मात्रै खाएँ । कुन्नि किन हो, मनै लागेन । फेरि हावापानी नमिलेर होला म त्यहाँ गएदेखि नै बिरामी भएँ । शरीर सन्चै भएन ।'
'गर्मी ठाउँ हो नि । हैन ?' ( मैले उनलाई फेरि सोधिहाल्छु ।उनी भन्छन् ( 'कति गर्मी, गर्मी नि । कोठामा बस्दासम्म ठिकै, जब बाहिर निस्क्यो, सहनै गाह्रो । पैदल त थोरै पनि हिँड्नै नसकिने ।'दु:ख जति भए पनि जिन्दगीमा मक्का र मदिना घुमेर आउनु भनेको त ठूलो कुरा भयो नि । कसो ? ( हामी चढेको बस बेलझुन्डी आउन थालिसकेको हुनाले कुराको बिट मार्दै म भन्छु ।'कति ठूलो कुरा नि । मरेर कसैले क्यै लैजाने होइन । अझै धेरै धनी मानिसहरू त्यहाँ पुग्न सक्या छैनन् । जान्छु भनेर मात्र हुँदैन । म गरिब गएर पनि आइसकेँ । अझ मेरो बूढी पनि गइहाली ।' उनले गौरवसँग भनिरहेका छन् -'कति धनी धनी मानिसहरू मसँग भेट्दा भन्छन् - तँ त मक्कामदिना पनि पुगेर आइस्, हाम्रो त सपना नै भयो ।'उनी बसबाट ओर्लिने तरखरमा छन् । मेरो अन्तिम जिज्ञासा छ 'हजुरको नाम के हो नि दाइ ?''मोहम्मद अनिस' 'उनी भन्छन् । उनले यति भनिसक्दा बेलझुन्डी चोकमा बस रोकिएको छ । उनी बसबाट विस्तारै ओर्लिन्छन् । दक्षिणतिरको बाटो लाग्छन् । मेरा आँखाहरू उनका पाइला पछ्याउने असफल प्रयास गर्छन् ।सोच्छु, एउटा अपरिचित मानिसको अल्प कथा सुनेँ । के अब उनी परिचित भए ?अब म उनलाई भेटेपछि मोहम्मद दाइ भन्छु होला । उनले पनि मेरो नाम बोलाउन थाल्लान् ।त्यसो भए अब हामी परिचित भयौँ ? *-साहित्यपोष्ट डटकम*

## महिषासुरमर्दिनी श्री ७ रणउजीरेश्वरी...

**...घालटि**

''घालटि''लाई देवी देवताहरुको मन्दिरमा विशेष पूजा हुँदा बजाउने गरिन्छ । यो घण्ट पवित्र र धार्मिक आस्थासँग जोडिएको छ । पितलबाट बनेको यस ''घालटि''को लम्बाइ १० से.मी.र ६ से.मी. व्यासको हुन्छ । यो घण्ट धिमाल आदिवासीसँग सम्बन्ध रहेको छ ।
यस घण्टको नाद असार महिनामा जात्री पर्वमा धान रोपाइमा सुनिन्छ ।

**घण्टा घान्डो**

नेपाली समाजमा देवताहरुलाई मात्र प्रत्येक्ष रुपले पूजा गरिदैन । नेपालीहरुमा देवताहरुको बास हतियार र वाद्ययन्त्रमा पनि हुन्छ भन्ने धार्मिक मान्यता रहेको छ । त्यसमा 'घण्टा घान्डो' पनि एक हो । यो वाद्ययन्त्र सिन्धुली जिल्लाका माझि समुदायले पवित्र वाद्ययन्त्रको रुपमा लिने गर्दछन् । यिनीहरुले वार्षिक श्राद्धमा 'घण्टा घान्डो' बजाउने गर्दछन् । कुखुराको भाले वली दिएपछि पूजा सुरु हुन्छ र 'घण्टा घान्डो' बजाउने कामको थालनी हुन्छ । यो घण्ट १० से.मी. लामो र ७.५ व्यासमा फलामबाट बनेको हुन्छ । यो घण्ट शिकार सफल होस भनि तालिमे कुकुरलाई लगाई दिने गरिन्छ । यस कार्यलाई वन देवताको पूजाको रुपमा लिने गरिन्छ ।

**घोडी घण्ट**

नेपालको पहाडी क्षेत्र दार्चुला जिल्लामा घोडाको घाटीमा 'घोडी घण्ट लगाई दिने गरिन्छ । यो घण्ट पितलबाट बनेको हुन्छ । साधारणतया यो 'घोडी घण्ट' ७.५ लामो र त्यति नै व्यासमा बनेको हुन्छ । यो 'घोडी घण्ट' घोडा चढ्दा फुकाल्ने गरिन्छ ।

**स्याङ**

उच्च हिमाली क्षेत्रमा यस घण्टको बजाउने प्रचलन रहेको छ । अष्ट धातुबाट बनाइएको यस घण्ट पवित्र गुम्बामा बजाउने गरिन्छ । यो धुपीको काठ र चौरी गाईको सिङबाट बनेको हुन्छ । ५ से.मी. लामो र ७.५ गहिरो तथा १० से.मी. व्यासमा यो स्याङको निर्माण भएको हुन्छ । यसको ध्वनी निकै मधुरो हुने गर्दछ । बौद्ध गुरुले मन्त्र पढ्दा यो 'स्याङ' बजाउने गर्दछन् ( Kadel,2007:168) ।

**दिव्य घण्ट**

अहिलेसम्म विभिन्न जात जाति, धर्म, सम्प्रदायहरुले प्रयोग गर्ने घण्टहरुको चर्चा गरियो । अब यस पंक्तिको केन्द्र बिन्दुतिर आउँदैछौं, त्यो हो नेपालको प्रमुख महत्वपूर्ण घण्ट, 'दिव्य घण्ट' को विषयमा उठान गर्न खोजिएको छ । ठूल-ठूला सहरहरुमा राखिने विशाल घण्ट र मन्दिर परिसरमा ढुङ्गाको खम्बा बनाई कलात्मक ढङ्गले झुण्ड्याइने ठूला घण्ट नेपालका सबै जसो देवालयको परिसरमा देख्न पाइन्छ । कान्तिपुर (हाल काठमाडौ.), ललितपुर र भक्तपुरका तीनै प्राचीन दरवारको परिसरमा विशाल घण्ट रहेका छन् । यिनीहरुलाई 'दिव्य घण्ट' भन्ने गरिन्छ । काठमाडौं खाल्डोको तीन सहरमध्ये सबैभन्दा ठूलो घण्ट हनुमानढोका दरवारको परिसरमा 'दिव्य घण्ट'रहेको छ । यसमा उत्कीर्ण गरिएको अभिलेख अनुसार यो 'दिव्य घण्ट' श्री ५ रणबहादुर शाहले देवी भवानीको नित्यपूजाका लागि श्री शाके संवत् १७१९ (वि.सं.१८५४) आषाढ शुक्ल दशमी सोमवार वायु देवताको शुभ (स्वाति) नक्षत्र र सत् सिद्धियोगमा स्थापना गरेका थिए । यसरी नै ललितपुर मणिगल (पाटन) दरवारमा महाराजाधिराज श्री श्री जयविष्णु मल्लदेव र वहाँकी रानी श्री चन्द्रलक्ष्मी देवी दुबैजनाले संवत् ८५(वि.सं.१७९४) माघ शुदि ४ उत्तरभाद्र नक्षत्र सिद्धियोग सोमवारका दिन 'दिव्य घण्ट' स्थापना गरेका थिए । यसै गरी भक्तपुर तलेजुमन्दिर अगाडि एउटा ठूलो 'दिव्य घण्ट' देवीको नित्य पूजामा बजाउनको लागि शाके संवत् १६५८, संवत् ८५७ (वि.सं. १७९४) पौषवदि १ का दिन श्रीमहाराजधिराज श्री श्री जयरणजितमल्लदेवले स्थापना गरेका थिए (नाथ, योगी नरहरि, इतिहासप्रकाशमा सन्धिपत्रसंग्रह, भाग १, प्र. राप्ती अञ्चल दाङ्को आध्यात्मिक सम्मेलन, वि.सं. २०२२, पृष्ठ २७९,२८०,२८१) ।'दिव्य घण्ट'को शाब्दीक अर्थ 'दिव्य' र 'घण्ट' दुई शब्दको संयोजनबाट बनेको छ । 'दिव्य' भन्नाले 'स्वर्ग-सम्बन्धी', 'आकाश सम्बन्धी', 'अलौकिक','दैवी' ह 'देवोचित', 'चहकिलो' ह 'प्रकाशमान', 'अति सुन्दर' ह 'भव्य' भन्ने बोध हुन्छ (शर्मा,२०२९:५१२) । यसरी नै टर्नरले 'दिव्य'लाई 'Divine', 'brilliant', 'charming', 'beautiful' भनि अर्थ्याएका छन् ( Turner,1931:312) । यसरी नै संस्कृत-शब्दार्थ-कौस्तुभमा 'दिव्य' भन्नाले 'नैसर्गिक', 'अदेभुत', 'चम्कीलो', 'दमकदार', 'मनोहर' भनि उल्लेख गरिएको छ (शर्मा,१९२८:३७८) । यसरी 'दिव्य' शब्दको शब्दार्थलाई नियाल्दा 'स्वर्ग-सम्बन्धी', 'आकाश सम्बन्धी', 'अलौकिक', 'दैवी' ह 'देवोचित', 'चहकिलो'ह 'प्रकाशमान', 'अति सुन्दर'ह 'भव्य', 'नैसर्गिक', 'अदभुत', 'चम्कीलो', 'दमकदार', 'मनोहर' आदि अन्तरनिहित गुणहरु समेटिएको घण्ट भन्ने बुझिन्छ ।
काठमाडौं हनुमानढोका दरवारको परिसरमा रणबहादुर शाहले वि.सं १८५४ मा जुन 'दिव्य घण्ट' स्थापना गरेका थिए, त्यसको २२ वर्ष पछि समर सौन्दर्यका नायक उजीरसिंह थापाकी महतारी रणकुमारी थापा पाण्डेले वि.सं.१८७६मा महिषासुर्मर्दिनी श्री ७ रणउजीरेश्वरी भगवती माईको मन्दिरको मुलद्वारको दायाँपट्टि 'दिव्य घण्ट' चढाएकी थिइन् । सो 'दिव्य घण्ट' अहिले पनि दुरुस्त छ । सन् १८१४ नवेम्बर १ तारिखका दिन ब्रिटिश साम्राज्यको इकोनोमिक इञ्जिनको रुपमा रहेको ईष्ट इण्डिया कम्पनीले नेपाल उपर एकतर्फा युद्ध घोषणा गऱ्यो । त्यसवेला पाल्पाका तैनाथवाला कर्णेल उजीरसिंह थापा थिए । युद्धको तैयारीको सिलसिलामा सैनिक बन्दोबस्त, रसदपानीको जोहो गर्नुका साथै देवी देवताहरुको पूजा आराधना एवम् विजयश्री हासिल भयो भने श्री ७ भगवतीको भव्य मन्दिर निर्माण गरी सिंदुरजात्रा गर्ने छु भनि तानसेन सहरको मध्येभागमा अवस्थित श्री ७ भगवती माईको पाउमा परि भाकल गरेका थिए । भाकलको प्रभाव र युद्ध जित्ने इच्छा शक्तिले वि.सं.१८७१ साल पौषकृष्ण १५ गते मंगलवारका दिन र वि.सं.१८७२ साल चैत्रशुदि ८ रोज ३ तदानुसार वैशाक ७ गते सोमवार गरी दुई पटक जीतगढी मोहोडामा भएको युद्धमा नेपालले विजयश्री हासिल गरेको थियो । विजयश्री प्राप्त गरेपछि भाकल बमोजिम कर्णेल उजीरसिंह थापाले काष्ठकलाको बेजोड नमुना खामिएको तीनतले भव्य मन्दिर वि.सं. १८७२ सालमा थालनी गरी वि.सं. १८७६ सालमा निर्माण सम्पन्न गरेका थिए । सो मन्दिर सम्पन्न भएको पुनित अवसरमा समर सौन्दर्यका नायक कर्णेल उजीरसिंह थापाकी महतारी रणकुमारी थापा पाण्डेले- "स्वस्ती श्री सम्वत् १८७६ साल मिति कार्तिकवदि ५ रोज६ मा श्री श्री श्री श्री श्री भगवतीको चरण : रणकुमारी सरण :" भनी उत्कीर्ण गरिएको अजङको 'दिव्य घण्ट' मन्दिरबाट बाहिरिदा मूल प्रवेशद्वारको दायाँतिर चढाएकी थिइन ( श्रेष्ठ,२०७९:२८७) ।

**दिव्य घण्टको आधार**

देवी आह्वानका लागि तान्त्रिक पद्धति अनुसार अनेक पवित्र धातुहरुको मिश्रणबाट 'दिव्य घण्ट' बनेको हुन्छ । ठूलो ढुङ्गाका स्तम्भमाथि काठको तेर्सो धरानमा झुण्ड्याई बडेमानका सिक्रीले बाँधी यसलाई अड्याइएको हुन्छ (महर्जन,२०७६:१५०) । यसको आधारमा महिषासुर्मर्दिनी श्री ७ रणउजीरेश्वरी भगवती मन्दिरमा समर सौन्दर्यका नायक कर्णेल उजीरसिंह थापाका महतारी रणकुमारी थापाले चढाएको घण्ट, 'दिव्य घण्ट' भएको पुष्टि हुन्छ । यस घण्टलाई अड्याउन ८ इन्च रु १० इन्च मोटाइ र उचाइ ७ फूट १ इन्चको बाठको स्तम्भ रहेको छ भने माथिपट्टिको तेर्सो काठको धरानको लम्बाइ ६ फूट ८ इन्च रहेको छ । त्यस काठको मोटाइ ४ इन्च रु ९ इन्च रहेको छ । यसै गरी घण्टलाई अड्याउन चारैतिरको साङ्ग्लोलाई अड्याउन तेर्सो काठको धरान माथि अर्को ४२ इन्चको धरान राखिएको छ । यसको मोटाइ १० इन्च रु १० इन्च रहेको छ । मोटो फलामको साङ्ग्लोले चारैतिरबाट झुण्ड्याइएको सो 'दिव्य घण्ट', रालो १५ इञ्चसहित तलबाट माथिसम्म ३९ इञ्च अग्लो छ । उक्त 'दिव्य घण्ट' फलामको साङ्ग्लो बाहेक 'दिव्य घण्ट' मात्र २९ इञ्च अग्लो छ । यस 'दिव्य घण्ट'को तल्लो व्यास (फेरो) ६० इञ्च रहेको छ भने माथिल्लो बोटल नेकको व्यास ( फेरो) ३६ इञ्च रहेको छ । 'दिव्य घण्ट'लाई साङ्ग्लोले बाँधनको लागि चार कुनामा अंकुश बनाइएको छ । साङ्ग्ला अड्याउने अंकुशको चारै कुनामा चारवटा भैरबको मुखाकृति उत्कीर्ण गरिएका छन् । सो चार कुनामा भएको भैरबको मुखाकृतिलाई ड्रागन ( संगीन सर्प) ले छत्र स्वरुप सुरक्षित गरेको देखिन्छ । सो 'दिव्य घण्ट'को महत्वपूर्ण पाटो 'दिव्य घण्ट' को स्वरुप हो । जो मार्केवल छ र यो 'दिव्य घण्ट' महिषासुरमर्दिनी श्री ७ रणउजीरेश्वरी भगवती मन्दिरमा रहेको अन्य घण्ट भन्दा डिफरेन्ट मात्र होइन ईनडिफरेन्ट पनि छ । 'दिव्य घण्ट' निर्माणको विधि विधानलाई पूर्ण रुपमा पालन गरी बनाइएको यस दिव्य घण्टमा विभिन्न अमूल्य धातुहरुको मिश्रण गरिएको छ । चाँदीको भाग यसमा हुँदा घण्टमा प्रयोग भएको ढलोटको रंगमा सेतोपन देखिन्छ । साथै विभिन्न अमूल्य धातुहरुको मिश्रणले गर्दा यस 'दिव्य घण्ट'को रंग अहिले पनि दगेको छैन् । यस 'दिव्य घण्ट'को नाद पनि परिसरमा भएका अन्य घण्टहरुभन्दा फरक छ । यसको नाद सहर वरिपरि ता सुनिन्छ नै परपरसम्मकाले श्री ७ भगवती मन्दिरमा गुञ्जायमान 'दिव्य घण्ट' ध्वनी थम्याउन गाह्रो पर्दैन् । 'दिव्य घण्ट' बजाउने केही विधिहरु छन्, 'दिव्य घण्ट' बजाउँदा 'दिव्य घण्ट'का साथ 'दिव्य नगरा' पनि बजाउने विधिविधान हुन्छ । काठमाडौं, ललितपुर र भक्तपुरमा विहान बेलुकी नित्य पूजा गर्दा 'दिव्य घण्ट' बजाउँदा साथमा 'दिव्य नगरा' पनि बजाउने परम्परा छ । त्यसरी नै महिषासुरमर्दिनी श्री ७ रणउजीरेश्वरी भगवती मन्दिरमा विहान बेलुकी नित्यपूजा गर्दा यस पंक्तिकारले जान्दा खेरी पूजाहारीले 'दिव्य घण्ट' बजाउने गर्थ्यो भने नकर्चीले दिव्य नगरा र बानादारहरुले अन्य बाजाहरु बजाउने गर्दथ्यो । यो 'दिव्य घण्ट' को महिमा ठूलो छ । यसले इतिहास, कला र संस्कृतिलाई जगेर्ना गर्दै यसको नादले युवा पुस्तालाई देशभक्तिको भावनाले ओतप्रोत पारिदिन्छ । जब यस 'दिव्य घण्ट' को नाद गुञ्जिन्छ तब हरेक नेपालीको मनको अन्तरकुन्तरमा देशभक्तिको भावना पैदा गरिदिन्छ ।

**सन्दर्भ पुस्तकहरु**

दर्नाल, रामशरण, नेपाली बाजा, प्र. रतन पुस्तक भण्डार, नेपाल, वि.सं.२०६१ ।
महर्जन, राजेन्द्र, हाम्रो सांस्कृतिक पहिचान तथा परम्परागत बाजाहरु, प्र. श्री जट्टाधारी नित्यनाथ एकीकृत बाजं खल :, वि.सं.२०७६ ।श्रेष्ठ निर्मल, समर सौन्दर्यका नायक कर्णे उजीरसिंह थापा, नेपाल-अँग्रेजयुद्ध र महिषासुरमर्दिनी श्री ७ रणउजीरेश्वरी भगवतीजात्रा, प्र. रेखा कार्की, पाल्पा, वि.सं. २०७९ । शर्मा, चतुर्वेदी द्वारकाप्रसाद,सं., संस्कृत-शब्दार्थ-कौस्तुभ, प्र. लाला रामनारायण लाल, इलाहावाद, सन् १९२८ । शर्मा, बाल चन्द्र, नेपाली शब्द कोश, प्र. रायल नेपाल एकेडेमी, नेपाल, वि.सं. २०२९ ।
Kadel, Ram Prasad, Musical Instruments Of Nepal, pub. Nepali Folk Musical Instrument Museum, Kathmandu, 2007A.D.Oldfield, H. Ambrose, Sketches From Nepal, pub. Cosmo Publications, India, 1974A.D.Turner, Ralph Lilley, A Comparative And Etymological Dictionary Of The Nepali Language, pub. Published with Subventions from His Late Highness Maharaja Sir Chandra Shamshre Jang Bahsdur Rana and The Royal Asiatic Society, 1931A.D.'Vir' Ram Avtar and Sangeet Acharya, Musical Instruments Of India, pub. Pankaj Publications, New Delhi, 1983A.D.

# सम्पर्कविहीन युवराज र अमृतको खोजीमा पहल गर्न काँग्रेसको आग्रह



**पाल्पा,** भदौ १९ / भोटेकोशी बाढीमा परी लामो समयदेखि सम्पर्कविहीन रामपुर नगरपालिका-७ का युवराज ( रामु) सोती र अमृत सोतीको परिवारलाई भेटेर नेपाली कांग्रेस पाल्पाले उनीहरूको खोजी तथा उद्धारमा थप प्रभावकारी पहल गर्न सम्बन्धित निकायसँग आग्रह गरेको छ । बाढीले आफन्तलाई सम्पर्कविहीन बनाएपछि पीडामा रहेका परिवारसँग भेटघाट गर्दै कांग्रेस पाल्पाले तत्कालको राहतभन्दा पनि बेपत्ता रहेका व्यक्तिको अवस्थाबारे यथाशीघ्र जानकारी प्राप्त गर्न खोजी कार्यलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएको हो ।

कांग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठको नेतृत्वमा पुगेको टोलीले परिवारलाई भेटेर पार्टीका तर्फबाट रु. १० हजार सहयोग गरेको थियो । त्यस्तै, नेपाल महिला संघ रामपुरले पनि रु. १० हजार सहयोग गरेपछि परिवारलाई कुल रु. २० हजार प्रदान गरिएको हो । परिवारसँगको भेटमा सभापति श्रेष्ठले विपद्का कारण आफ्ना सदस्य सम्पर्कविहीन हुँदा आफन्तले व्यहोर्नुपरेको पीडा गम्भीर रहेको बताए । उनले विपद्को समयमा पीडित परिवारलाई राहत र आर्थिक सहयोगसँगै उनीहरूका आफन्तको खोजी तथा अवस्थाबारे जानकारी गराउने कामलाई पनि प्राथमिकतामा राख्नुपर्ने बताए । युवराज (रामु) र अमृतको सकुशल खोजीका लागि राज्यका सम्बन्धित निकायले उपलब्ध सबै स्रोत र साधन परिचालन गर्नुपर्नेमा उनले जोड दिए । परिवारलाई आवश्यक पर्ने सहयोगमा कांग्रेस पाल्पा निरन्तर साथमा रहने प्रतिबद्धता पनि श्रेष्ठले व्यक्त गरे । भोटेकोशी बाढीपछि कांग्रेस पाल्पाले प्रभावित तथा पीडित परिवारसँग भेटघाट गरी राहत र आर्थिक सहयोग गर्दै आएको छ । यसअघि बाढीमा परी ज्यान गुमाएका तानसेन-१० का प्रहरी सहायक हवल्दार स्वर्गीय दिपेन्द्र विष्टको परिवारलाई आर्थिक सहयोग गरिएको थियो । रैनादेवी छहरा-१, सिद्धेश्वरका बाढीमा परी सम्पर्कविहीन आनबहादुर कुमालको परिवारलाई पनि नगद तथा खाद्यान्न सहयोग गरिएको कांग्रेस पाल्पाले जनाएको छ ।


## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८३ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


## खेलकुद समाचार

### नेपाल 'ए' क्रिकेट टोलीको लगातार दोस्रो हार



**काठमाडौं,** भदौ १९/ अस्ट्रेलिया भ्रमणमा रहेको नेपाल 'ए' टोलीले एकदिवसीय अभ्यास खेलमा लगातार दोस्रो हार बेहोरेको छ । डार्विनमा आज भएको खेलमा नेपाल 'ए' साउथ अस्ट्रेलियासँग १३८ रनले पराजित भयो । साउथ अस्ट्रेलियाले दिएको २६० रनको लक्ष्य पछ्याएको नेपाल 'ए' ले २२ ओभर १ बलमा १२१ रन बनाउँदा सबै विकेट गुमायो । नेपाल 'ए' का रशिद खानले ३७, मयन यादवले २०, दीपक डुम्रेले १८, कप्तान अनिलकुमार शाहले ११ रन बनाए । अरू खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् । साउथ अस्ट्रेलियाका स्पेन्सर जोन्सनले ३ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको साउथ अस्ट्रेलियाले ५० ओभरमा ९ विकेट गुमाएर २५९ रन बनायो । साउथ अस्ट्रेलियाका डाउट्जी होगेनबुजेमले १११ रन बनाए । नेपाल 'ए' का रशिद खानले २ तथा रिजन ढकाल, नारायण जोशी, पवन सर्राफ र लोकेश बलमे १/१ विकेट लिए ।यसअघि नेपाल 'ए' पहिलो अभ्यास खेलमा तास्मानियासँग २ विकेटले पराजित भएको थियो । अब नेपाल 'ए' ले अन्तिम अभ्यास खेलमा पर्सि आइतवार न्युजिल्यान्ड 'ए' सँग खेल्नेछ ।

## अर्थ/कर्पोरेट समाचार

# गरिमा बैंकले २० प्रतिशत लाभांश बाड्ने

गरिमा विकास बैंक लिमिटेड

Garima Bikas Bank Limited

**पाल्पा,** भदौ १९/ गरिमा विकास बैंक लिमिटेडले २० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ । बैंकको सञ्चालक समितिको बिहीबार बसेको बैठकले आर्थिक वर्ष २०८२/८३ को सञ्चित मुनाफाबाट १० प्रतिशत बोनस शेयर र १० प्रतिशत नगद लाभांश आफ्ना सेयर धनीलाई वितरण गर्ने प्रस्ताव गरेको हो ।

१० प्रतिशत बोनस शेयर वितरणपछि बैंकको चुक्ता पुँजी बढेर ६ अर्ब ६२ करोड ३४ लाख ८३ हजार २०३ रुपैयाँ ९४ पैसा पुग्ने बैंकले जनाएको छ । बैंकका अनुसार प्रस्तावित नगद लाभांशमा लाभांशबापत लाग्ने करसमेत समावेश हुनेछ । हाल कायम चुक्ता पुँजी ६ अर्ब २ करोड १३ लाख ४८ हजार ३६७ रुपैयाँ २२ पैसा रहेको छ ।बैंकको सञ्चालक समितिको ३५१औँ बैठकले उक्त लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो । प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृत हुनुपर्नेछ । त्यसपछि बैंकको आगामी २०औँ वार्षिक साधारणसभाबाट पारित भएपछि मात्रै सेयरधनीले लाभांश प्राप्त गर्नेछन् । काठमाडौँको बालुवाटारमा केन्द्रीय कार्यालय रहेको गरिमा विकास बैंकले देशभर १२६ वटा शाखा कार्यालय र ५१ वटा एटीएममार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको छ । बैंकले ग्राहकलाई आधुनिक तथा प्रविधिमैत्री बैंकिङ सेवा उपलब्ध गराउँदै आएको जनाएको छ । बैंकले आगामी साधारणसभाबाट लाभांशसम्बन्धी प्रस्ताव पारित भएपछि सेयर धनीलाई वितरण गर्ने जनाएको छ ।

# आज ऐतिहासिक भगवती...

...पाल्पाको भगवती मन्दिरमा रहेको यो परम्परा केवल धार्मिक आस्था र संस्कृतिको निरन्तरता मात्र होइन, नेपालको स्वाधीनता र वीरताको इतिहाससँग जोडिएको जीवित स्मृति पनि हो ।

नेपाल-अग्रेंज युद्धका बेला नेपाली फौजले जितगढी किल्लामा विजय हासिल गरेको सम्झनामा भगवतीको रथयात्रा गर्ने परम्परा रहिआएको छ। तत्कालीन तैनाथ कर्णेल उजिरसिंह थापाको नेतृत्वमा नेपाली फौजले अग्रेंज फौजलाई जितगढी किल्लामा विजय हासिल गरेको थियो । सोही बेलादेखि पाल्पाको तानसेनमा रहेको भगवती माताको रथयात्रा गराउने प्रचलन सुरु भएको स्थानीय राजेन्द्र गोपाल सिंहले बताए । उनले भने, "ऐतिहासिक भगवतीको रथयात्राले भगवतीको महिमाको प्रचारप्रसार र धार्मिक पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने विश्वास लिएका छौँ । नेपाली सेनाले विजय हासिल गरेको दिनको विशेष सम्झना यसले दिलाउँछ।"

तत्कालीन नेपाली सेनाको पाल्पा कमाण्डर कर्णेल उजिरसिंह थापाले युद्धमा जानुअघि युद्धमा जितेमा तीनतले मन्दिर बनाई भगवतीको सिन्दुरजात्रा गर्ने भाकल गरेका थिए । युद्धमा विजयी भएपछि कर्णेल थापाले विसं १८७७ देखि कृष्ण जन्माष्टमीको भोलिपल्ट विजय उत्सवस्वरुप भगवती जात्रा मनाउन थालेका हुन् । जुन परम्परा आजसम्म चल्दै आएको सिंहले बताए । अंग्रेजसँग युद्ध लडेको तरबार प्रदर्शन गरी रथमा राखेर सेनाले बढाइँ दिने चलन रहिआएको छ । विजयउत्सव भगवती जात्रालाई तानसेन बजारको पाल्पा दरबार शीतलपाटी, भगवतीटोल, वसन्तपुर, कैलाशनगर, अशनटोल, नारायणस्थान, भीमसेनटोल, गोरखदल गण, बसपार्क आन्दोलनचोक, बडिङ्गानटोल, सिल्खानटोल, टक्सारलगायत स्थानमा घुमाउने गरिन्छ । जात्रा हेर्न पाल्पा, काठमाडौं, गुल्मी, अर्घाखाँची, रुपन्देही, कपिलवस्तु, नवलपरासी, चितवन, स्याङ्जा, कास्कीलगायत जिल्लाबाट उच्चपदस्थ व्यक्ति, सरकारी कर्मचारीलगायत आमनागरिकको उपस्थिति रहने जनाइएको छ । भगवती जात्राका दिन लुम्बिनी प्रदेश सरकारले पाल्पा जिल्लामा सार्वजनिक बिदा दिँदै आएको छ । रथ यात्राको सम्पूर्ण तयारी पुरा भएको समितिले जनाएको छ ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी .कम

www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई